# भरतपुर महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## भरतपुर, चितवन
## ३ नं. प्रदेश, नेपाल

भरतपुर महानगरपालिका नगर कार्यपालिकाको कार्यालय भरतपुर, चितवन २०७३

प.सं. २०७५/०७६ श. पू. वि. म
च.नं. ६६ २१

मितिः २०७६/२/९

बिषयः उपभोक्ता समिति गठन गरी पठाईदिने सम्बन्धमा ।

श्री सम्बन्धित वडा कार्यालयहरु,
भरतपुर महानगरपालिका ।

प्रस्तुत विषयमा शहरी विकास तथा भवन निर्माण विभाग सघन शहरी तथा भवन निर्माण आयोजना, चितवनको प.सं. २०७५/०७६, च. नं. ७४२ मिति २०७६/०२/०७ गतेको पत्रानुसार सघन शहरी विकास कार्यक्रमको स्वीकृत बार्षिक कार्यक्रममा समावेश भएका कार्यक्रमहरु सञ्चालन गर्नको लागि ३ दिनभित्र उपभोक्ता समिति गठन गरी समितिको अध्यक्ष र कोषाध्यक्षलाई सम्बन्धित कार्यालयमा सम्पर्कको लागि पठाईदिनुहुन जानकारी गराईन्छ । साथै शहरी विकास तथा भवन निर्माण विभाग सघन शहरी तथा भवन निर्माण आयोजना, चितवनको पत्र यसैसाथ संलग्न गरिएको व्यहोरा समेत अनुरोध छ ।

..................
२०७६/२/९
प्रमुख प्रशासकीय अधिकृत

056-520167, 521467, 530062, 526951, 522252, 525771 Fax: 056-520014
E-mail: bmc@ntc.net.np / Website: bharatpurmun.gov.np
(मन्त्रि परिषद्‌बाटमहानगरपालिकाघोषणामितिफाल्गुन २७, २०७३)

☎ ०५६-५२०१४९
🖷 ०५६-५२०१४९
email: pudbcchitwan@gmail.com
dudbcchitwan@gmail.com

नेपाल सरकार
शहरी विकास मन्त्रालय
## शहरी विकास तथा भवन निर्माण विभाग
## सघन शहरी तथा भवन निर्माण आयोजना, चितवन

पत्र.संख्या:-०७५/०७६
चलानी नम्बर: 682

मिति: २०७६।०१।०७

**विषय : उपभोक्ता समिति गठन गरी पठाईदिने सम्बन्धमा ।**

श्री भरतपुर महानगरपालिका
भरतपुर, चितवन

प्रस्तुत विषयमा यस आयोजनाको चालु आ.व.०७५/७६ को ब.उ.शि.नं.३४७१८६४(सघन शहरी विकास कार्यक्रम) को स्वीकृत वार्षिक कार्यक्रममा देहाय बमोजिमका कार्यक्रमहरु समावेश भई आएको र उक्त कार्यक्रमहरु उपभोक्ता समिती मार्फत् गरिने भएकोले तपशिल वमोजिम प्रकृया पुर्‍याई उपभोक्ता समिती गठन गराइ सात दिन भित्र सम्झौताको लागि उपभोक्ता समितीको अध्यक्ष र कोषाध्यक्षलाई यस कार्यालयमा सम्पर्क गर्न पठाईदिनुहुन अन्यथा यो कार्यक्रम कायान्वयन गर्न कठिनाई पर्ने व्यहोरा अनुरोध छ ।

भरतपुर महानगर कार्यपालिकाको कार्यालय
दर्ता नं.: १८०२
०७६।१।८

कार्यक्रमहरु :

| सि.नं. | कार्यक्रमको नाम | हालको बजेट |
|---|---|---|
| १ | भरतपुर महानगरपालिका वडा नं. १० रमाइलो चोक देखि ज्ञानदर्शन स्कुल चोक सम्म ढल एंव बाटो स्तरोन्नती | ३० लाख |
| २ | भरतपुर महानगरपालिका वडा नं. ५ र ६ को सिमा बाटो स्तरोन्नती | ३० लाख |
| ३ | भरतपुर महानगरपालिका वडा नं. ३ को अनाथालय मार्ग स्तरोन्नती | ३० लाख |
| ४ | भरतपुर माडी जोड्ने ८ कि.मि.सडक कालोपत्रे तथा साइड ड्रेन निर्माण कार्य | ३० लाख |
| ५ | भरतपुर महनगरपालिका वडा नं. १० को चित्रसेन मार्ग भित्र ढुङ्गाना चोक देखि सप्तगण्डकी क्याम्पससम्म बाटो तथा नाला स्तरोन्नती कार्य | ३० लाख |

**उपभोक्ता समिति गठन गर्दा ध्यान दिनुपर्ने कुराहरु :-**

१.यदि उक्त कार्यको प्रकृति सित सम्बन्धीत उपभोक्ता समिति/संस्था पहिले देखि नै दर्ता भएको भए सोही समिति/संस्थालाई सम्झौता गर्न त्यस समिति/संस्थाको अध्यक्ष र कोषाध्यक्षलाई संस्थाको प्रमाणपत्रको छायाँ प्रति, अध्यक्ष र कोषाध्यक्षको नागरिकता प्रमाणपत्रको १/१ प्रति छाँया प्रति, दुवै जनाको २/२ प्रति फोटो, संस्थाको छाप, सम्बन्धित संस्थाको बैठक बसी उक्त कार्य गर्नको लागि यस कार्यालयलाई सम्झौता गराइ दिने अनुरोध गर्ने बारेको निर्णयको प्रतिलिपी ।

यदि उक्त कार्यको प्रकृतिसित मेल खाने उपभोक्ता समिति/संस्था दर्ता नभएको भए गा.वि.स./न.पा./वडा सचिवज्यूको अध्यक्षता वा रोहवरमा सो कार्यक्रमबाट प्रत्यक्ष लाभान्वित हुने सोही वडा एवं वरिपरका स्थानीय बासिन्दाहरुको वृहत भेला गराई उक्त भेलाबाट पिछडिएका वर्ग,जातजाती तथा महिला समेत

☎ ०५६-५२०१४९
🖷 ०५६-५२०१४९
email: pudbcchitwan@gmail.com
dudbcchitwan@gmail.com

नेपाल सरकार
शहरी विकास मन्त्रालय

# शहरी विकास तथा भवन निर्माण विभाग

## सघन शहरी तथा भवन निर्माण आयोजना, चितवन

पत्र.संख्या:-०७५/०७६

चलानी नम्बर:

सम्मिलित अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष, सचिव र ३ जना सदस्य गरी बढीमा सात (७) जनाको एउटा उपभोक्ता समिति गठन गरी उपभोक्ता समितिका अध्यक्ष र कोषाध्यक्षलाई उपभोक्ता समिति गठन भएको निर्णयको छायाँ प्रति, समितिको सम्पूर्ण पदाधिकारीहरुको नागरिकताको फोटोकपी, समितिको छाप बनाई सो छाप सहित सम्झौता गर्न उपभोक्ता समितिको अध्यक्ष र कोषाध्यक्षलाई मात्र यस कार्यालयमा सम्पर्क गर्न पठाई दिन हुन अनुरोध
छ।

२.यस कार्यालय र उपभोक्ता समिति विच गरिने सम्झौता पत्रमा लागत अनुमान रकमबाट उपभोक्ता समतिले व्यहोर्नु पर्ने २०% जनश्रमदान रकम उल्लेख गर्नु पर्ने भएकोले उपभोक्ता समिति गठन भए पश्चात् र सम्झौता गर्नु अगाडी उक्त योजनाको डिजाइन/ड्रईङ्, नक्सा र लागत अनुमान तयार गर्न यस कार्यालयको प्राविधिकबाट स्थलगत निरीक्षण गर्न आवश्यक भएकोले यस कार्यालयको फोन नं. ०५६-५२०१४९ मा सम्पर्क गर्नु हुन अनुरोध छ।

३.सम्बन्धित प्राविधिकबाट उक्त योजनाको डिजाइन/ड्रईङ्/नक्सा र लागत अनुमान तयार भएपछि मात्र यस कार्यालयमा सम्भौताको लागि सम्पर्क गर्न हुन अनुरोध छ।

४.उक्त योजनाको लागि हाल विनियोजित बजेट एकदमै न्यून भएकोले त्यसलाई दृष्टिगत गरी विभागबाट प्राप्त बजेट रकम र उपभोक्ता समितिले अनिवार्य रुपमा लागत अनुमानको २०% बेहोर्नु पर्ने रकम समेत गरी निर्माण सम्पन्न हुने योजना मात्र तर्जुमा गर्न हुन अनुरोध छ। नत्र विनियोजित बजेट भन्दा बढीको महत्वाकांक्षी योजना तयार भएमा रकम अभावको कारण पछि योजना नै अधुरो र अलपत्र पर्न सक्ने सम्भावना हुन सक्ने व्यहोरा अग्रिमरुपमा जानकारी गराइन्छ।

..............................
कुमार प्रसाद घिमिरे
आयोजना प्रमुख
आयोजना प्रमुख